नेपाली महिला...

कानुनी व्यवस्था र महिलाको अवस्था

नेपालको संविधान २०७२ ले महिलाको हकलाई मौलिक हकका रूपमा राखेको छ । संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ । महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैंगिक भेदभावबिना समान वंशीय हक हुन्छ । त्यस्तै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने पनि उल्लेख छ । महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिनेछैन भन्ने उल्लेख छ । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई क्षतिपूर्ति पाउने प्रावधान छ ।

त्यसैगरी, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने संविधानमा उल्लेख छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनिएको छ भने सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने पनि महिलाको हकमा उल्लेख गरिएको छ ।

तर, संविधानले दिएजस्ति उनीहरूले हक, अधिकार पाइरहेका छैनन् । हक अधिकारका निम्ति राज्यसँग अझै पनि महिलाहरू लड्नुपर्ने अवस्थामा छन् । आफ्नो घरदेखि नै अधिकार प्राप्तिको संघर्ष गर्नुपर्ने अवस्थामा छन् । उनीहरूलाई संविधान प्रदत्त अधिकार किन दिन सकिएको छैन ? यसको जवाफ राज्यले दिनु आवश्यक छ ।

सौर्य दैनिकसँग कुरा गर्दै पूर्वउपसभामुख तथा नेपाली कांग्रेसकी नेतृ पुष्पा भुसालले संविधानले दिएको अधिकार कार्यान्वयन हुन नसकेको बताइन् । संविधान बनेको १० वर्ष भइसक्दा पनि संविधानमा लेखेको कुरा कार्यान्वयन हुन नसक्नु दुःखद् भएको बताइन् । कानुन तथा नियमावली नबनेका कारण त्यसो भएको उनको भनाइ छ ।

राजनीतिक अधिकार भने केही हदसम्म पाइएको उनले बताइन् । संविधानको उद्देश्यअनुसार महिलाहरूको विकास तथा अर्थतन्त्रमा पहुँच भयो कि भएन भन्ने कुरामा समीक्षा गर्नुपर्ने भुसालको भनाइ छ । संविधानको कार्यान्वयन उत्साहजनक नभएको पनि उनले बताइन् ।

उपेक्षामा महिला

वास्तविक रूपमा भन्ने हो भने नेपाली समाजको घरको मूली नै महिला हुन् । घरमा महिलाको भूमिका र जिम्मेवारी मूलीकै रूपमा छ । तर, पितृसत्तात्मक समाज उनलाई घरको मूली मान्न तयार छैन । विगतमा महिलालाई केवल घर, परिवार स्याहार्ने कुरामा मात्रै केन्द्रित गरिन्थ्यो । तर, आज महिलाहरूको पनि घर चलाउन आर्थिक अधिकार उत्तिकै छ । पुरुषसरह महिलाले कमाएका छन् र सम्पूर्ण घर, व्यवहार हेरेका छन् । तर, घरमूली पुरुष नै हो भनेर मनोवैज्ञानिक रूपमा अझै पनि महिलाहरूलाई तल पार्ने प्रयास गरिँदै छ ।

राज्यको तहमा हेर्ने हो भने पनि महिलाहरूलाई संविधानले प्रदत्त गरेको अधिकार दिन कन्जुस्याई गरिएको छ । उदार भावनाले महिलाहरूको समान प्रतिनिधित्व गरिएको छैन । २५ सदस्यीय मन्त्रीपरिषद्मा जम्मा ३ जना मात्रै महिला मन्त्री छन् । के त्यो संख्या पर्याप्त छ ? भन्ने प्रश्न तेसिँएको छ । महिलाहरू मन्त्रालय चलाउन अक्षम पनि होइनन् । तर, उनीहरूलाई कार्यकारी भूमिकाबाट वञ्चित गरिन्छ । सबै पार्टीभित्रको राजनीतिमा लागेका धेरै महिला छन् । जो देश हाँक्न सक्षम छन् । राजनीतिक भाषामा त्याग, तपस्या र बलिदानीबाट आएका महिला राजनीतिक दलका अघिल्ली पुस्तामा धेरै महिला छन् । भरपूर शिक्षादीक्षा र ज्ञान बोकेको पछिल्लो महिला पुस्ता पनि राजनीतिमा छ । तर, उनीहरूलाई अघि बढाउन पुरुषवादी चिन्तनले रोकेको छ ।

सौर्य दैनिकसँग कुरा गर्दै पूर्वउपसभामुख भुसालले पितृसत्तात्मक समाजको प्रतिबिम्ब राज्य र दलहरूमा परेका कारण महिलाले कार्यकारी भूमिका नपाएको बताइन् । त्यसैगरी निर्णय गर्ने ठाउँमा समेत महिलाको उपस्थिति नभएका कारण कार्यकारी भूमिकामा महिला प्रतिनिधित्व सुनिश्चित गर्न नसकिएको उनको भनाइ छ । 'प्रतिस्पर्धा गर्छु भन्दा पनि महिलाहरूलाई अवसरबाट वञ्चित गर्ने परिपाटी छ । यसको मूल कारण पार्टीको निर्णय गर्ने ठाउँमा महिला नहुनु हो । त्यसको मासमा महिला राजनीतिज्ञ परेका छन्,' उनले भनिन्, 'पितृसत्तात्मक समाजको प्रतिबिम्ब दल, सरकार र समाजमा भएकाले महिलाले अवसर पाउन कठिन भएको हो ।'

राजनीतिक दलहरूको कुरा गर्दा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने १४ वटा राजनीतिक दल छन् । तर, एउटामा मात्रै महिलाको प्रतिनिधित्व छ । नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ छिन् । प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलमध्ये उनी एकमात्र महिला अध्यक्ष हुन् । पुरुषले जति नै योग्दान गरेका महिला दलहरूमा छन्, तर उनीहरूलाई नेतृत्व दिने हिम्मत कसैले गरेका छैनन् । नेतृत्व तहमा पुग्न लागेपछि अघि बढ्न नदिन अनेक प्रपञ्च गर्ने गरेको इतिहास छ ।

उदाहरणका लागि तत्कालीन उपसभामुख डा. शिवमाया तुम्बाहाङ्फेले राजीनामा दिएको प्रकरणलाई लिन सकिन्छ । तत्कालीन सभामुख कृष्णबहादुर महरा यौनकाण्डमा मुछिएर सभामुख पदबाट राजीनामा दिएपछि सभामुख पद खाली भयो । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर बनेको तत्कालीन नेकपाको करिब दुई तिहाइ रहेको संसदमा आफ्नै पार्टीको मान्छेलाई सभामुख बनाउन उपसभामुखबाट राजीनामा दिनुपर्‍यो । त्यसपछि नेकपाले अग्नि सापकोटालाई सभामुख बनायो । एउटै पार्टीको व्यक्ति सभामुख र उपसभामुख नहुने व्यवस्था भएकाले उपसभामुखलाई राजीनामा गराइएको थियो । सभामुखको पद 'डिजर्भ' गर्ने भए पनि उपसभामुख तुम्बाहाङ्कैलाई सभामुख बनाउन पार्टी तयार भएन । यसले महिलामाथि दलहरूले गर्ने गरेको उपेक्षा झनै छर्लंग भएको छ ।

'उप' मै सीमित

महिला र पुरुषलाई बराबरी अधिकार भनिए पनि व्यवहारतः त्यो लागू हुन सकेको छैन । पार्टी अथवा राज्यका हरेक तह र तप्कामा महिलालाई कार्यकारी भूमिका दिन तत्पर नभएको अवस्था छ । स्थानीय तहमा पनि प्रमुख र उपप्रमुखमध्ये १ जना महिला उम्मेदवार उठाउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । तर, सबै राजनीतिक दलले खासगरी उपप्रमुख तथा उपाध्यक्षमा मात्र महिलालाई सीमित राख्न खोजेको पाइन्छ । महिलालाई कार्यकारी भूमिकामा लानबाट दलहरूले नै रोक्ने गरेका छन् । यस्तो प्रवृत्तिको अन्त्य भएमा मात्र वास्तविक रूपमा महिलाहरू अधिकार सम्पन्न हुनेछन् ।

सौर्य दैनिकसँग कुरा गर्दै राष्ट्रियसभाकी पूर्वउपाध्यक्ष शशिकला दाहालले राजनीतिक दलहरूले सबै तह र तप्कामा ३३ प्रतिशत महिलाको सुनिश्चितता नगरेको बताइन् । उनले महिलालाई ५० प्रतिशत प्रतिनिधित्व दिनुपर्नेमा जोड दिइन् । महिलालाई सबै निकायमा पहुँच र प्रतिनिधित्व गराउन तल्लो तहदेखि ध्यान दिनुपर्ने उनको भनाइ छ ।

नेतृत्वमा महिला

त्यसो त देशको नेतृत्व महिलाहरूले गरिसकेको अवस्था छ । नेपालको पहिली महिला राष्ट्रपति विद्यादेवी भण्डारी हुन् । उनी २ कार्यकाल राष्ट्रपति भइन् । त्यसैगरी पहिली महिला सभामुखका रूपमा ओनसरी घर्ती, पहिली प्रधानन्यायाधीश सुशीला कार्की र पहिली मुख्यसचिव लीलादेवी गाडुतीला भइसकेको अवस्था छ । राज्यको उपल्लो तहमा महिला पुगिसकेको भए पनि समग्रमा देखिएको महिलाहरूको समस्या समाधान गर्न भने सकेको देखिँदैन ।

डिजिटल बैंकिङ...

अर्कातर्फ त्यस्ता संस्थाको हक हस्तान्तरणसम्बन्धी व्यवस्था पनि कडा बनाइएको छ । यसअनुसार स्थापना भएको ५ वर्षसम्म संस्थापक सेयर बेच्न नपाउने र कुनै कारणले गर्नुपर्ने भएमा कारण खुलाएर केन्द्रीय बैंकबाट अनुमति लिनुपर्ने उल्लेख गरिएको छ । प्रवक्ता पौडेलले नेपाल ग्रे लिस्टमा परेपछि यसबाट बाहिर निस्किन प्रभावकारी निर्देशन र कार्यान्वयको खाँचो परेकाले पनि यो व्यवस्था गर्नुपरेको बताए ।

सूचीकृत सेन्टरमा मात्र डेटा राख्नुपर्ने

भुक्तानी सेवा प्रदायक संस्थाहरूले अब सूचना प्रविधि विभागमा सूचीकृत भएको डेटा सेन्टरमा मात्र डेटा भण्डारण गर्नुपर्ने नियम लागू गरिएको छ । वित्तीय संस्थाहरूले आफ्ना सफ्टवेयर तथा हार्डवेयरको इन्ड टू लाइफ अनुगमन गर्नुपर्ने र सिस्टमको नियमित प्राविधिक लेखापरीक्षण पनि गर्नुपर्ने व्यवस्था गरिएको छ ।

अब वेब एप्लिकेसन

यसअघि मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ भन्दै आएको राष्ट्र बैंकले अब इन्टरनेट बैंकिङ भन्ने शब्द हटाएको छ । यसको सट्टा वेब एप्लिकेसन भन्ने शब्द राखिएको छ । मोबाइल बैंकिङसमेत इन्टरनेटकै माध्यमबाट सञ्चालन हुने भएकाले इन्टरनेट बैंकिङ भनेर दिँदै आएको सेवाको नाम परिवर्तन गरिएको राष्ट्र बैंकले जनाएको छ ।

युएसएसडी कारोबारको सीमा निर्धारण

राष्ट्र बैंकले इन्टरनेटबिना नै मोबाइलबाट गर्न सकिने युएसएसडी कारोबारको सीमा निर्धारण गरेको छ । यसअनुसार यस्तो कारोबार दैनिक १० हजार रुपैयाँ र १ पटकमा ५ हजार रुपैयाँसम्म हुने व्यवस्था गरिएको छ । यो कारोबार स्मार्टफोनबिना एसएमएसका आधारमा पनि गर्न सकिन्छ ।

ग्राहक संरक्षणसँग सम्बन्धित केही निर्देशन हटाइयो

राष्ट्र बैंकको उक्त निर्देशनमा ग्राहक संरक्षणको सम्बन्धमा यसअघिका केही निर्देशन हटाइएको छ । यसअघि ग्राहकलाई विद्युतीय कार्ड जारी गर्दा आवेदन फारमसँगै कार्ड जारी गर्दा र कारोबार गर्दा लाग्ने शुल्क, कारोबारको सीमा, कार्डको प्रयोग गर्दा लाग्ने ब्याजदर, कार्डबाट प्राप्त हुने अन्य सुविधालगायत विषय समेटिएको सूचनामूलक सामग्री प्रदान गर्नुपर्ने व्यवस्था रहेकामा यसलाई हटाइएको छ ।

त्यस्तै, प्रत्येक कारोबार सम्पन्न भएपछि अनिवार्य रूपमा सम्बन्धित ग्राहकलाई तत्काल एसएमएसमार्फत् सन्देश दिनुपर्ने, साथै ग्राहकले अन्य विद्युतीय माध्यमबाट सन्देश माग गरेमा त्यो पनि उपलब्ध गराउनुपर्ने व्यवस्था हटाइएको छ । यी व्यवस्था ग्राहक हित संरक्षणसम्बन्धी निर्देशनमा उल्लेख गरिएकाले यहाँबाट हटाइएको उल्लेख गरिएको छ ।

निर्देशनमा एटिएम रहेको स्थानमा सम्बन्धित कर्मचारीको नाम र सम्पर्क मोबाइल नम्बर तथा सम्बन्धित संस्थाको नाम, ठेगाना र टेलिफोन नम्बर नेपाली र अंग्रेजी भाषामा राख्नुपर्ने र यस्तो विवरण नियमित अद्यावधिक गर्नसमेत निर्देशन दिइएको छ ।

पछिल्लो समय नगद चोरीभन्दा विद्युतीय ठगी र चोरीका घटनामा उल्लेख्य वृद्धि भएको छ । पछिल्लो वर्षहरूमा बैंक खाताबाट रकम हराउनेदेखि बैंकिङ प्रणाली तथा विभिन्न सिस्टम हयाक गरी रकम चोरी हुने घटनाको तथ्यांक देखाँ बैंकिङ क्षेत्रमा जोखिम बढ्दै गएको देखाउँछ । हाल प्रविधिको विकाससँगै ठगी गर्ने तरिका पनि परिवर्तन भएको छ ।

अहिले वालेट, मोबाइल बैंकिङ तथा इन्टरनेटबाट हुने ठगी बढेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका प्रवक्ता दीपकराज अवश्थीले जानकारी दिए । अवश्थीका अनुसार अनलाइनमा लगानी गरेर घरबाटै कमाउन सकिन्छ भन्दै हुने ठगी र बैंक खाता र मोबाइल बैंकिङको युजरनेम र पासवर्डको अनधिकृत प्रयोग गरेर हुने ठगी बढेको छ । अर्थविद् ज्ञानेन्द्र अधिकारीले राष्ट्र बैंकले जारी गरेको निर्देशनले केही परिवर्तन हुन सक्ने बताए । उनले भने, 'राष्ट्र बैंक आफ्नो परम्परागत प्रवृत्तिबाट बाहिर आएको हो कि जस्तो देखियको छ, यसको सफल कार्यान्वयन होस् ।'

अनुसन्धान गर्न...

बिहीबारदेखि जसरी २०२५ जनवरीमा क्यारबियन एअरलाइन्सको एटीआर विमान र २४ जुलाई, २०२४ मा नाइजेरियाको ग्रीन अफ्रिका एअरवेजको एटीआर विमानकै पांग्रा 'टेकअफ'को क्रममा रनवेमै खसेका थिए । त्यस्तै, इटालीको मिस्टरल एअरवेजको विमान, भियतनाम एअरलाइन्सको विमान, सन् २०१२ मा एअर इण्डियाको विमान, सन् २०१० मा ट्रान्स एसियाको विमानमा पनि यस्तै घटना घटिसकेको छ । यी केही उदाहरण मात्र हुन्, तर ती सबै विमान सुरक्षित रुपमा अवतरण भएका थिए ।

विषय सामान्य भए पनि यसलाई हवाई सुरक्षाका दृष्टिकोणले गम्भीर घटनाको रुपमा लिनुपर्ने भन्दै यो विषयले शुक्रबार संसद्मा पनि प्रवेश पायो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपकबहादुर सिंहले त यस विषयमा जाँचबुझ आयोग नै गठन गर्नुपर्ने माग राखे ।

त्रिवि रेक्टर र डिनको...

प्रत्यक्षदर्शी कर्मचारीहरूका अनुसार नेविसंघबाट स्वविवु सदस्यमा निर्वाचित नरेन्द्र साउदसहित सिकेन्द्र रोकायलगायतका विद्यार्थीले तोडफोड गरेर क्षति पुऱ्याएका हुन् । तर, त्रिवि नेविसंघका सभापति विष्णु बडैलाले एक विज्ञप्ति जारी गर्दै उक्त घटनामा नेविसंघको आधिकारिक निर्णय वा निर्देशन नभएको जनाएका छन् ।

यसअघि केन्द्रीय विभागहरूको शुल्क घटाउनेलगायतका माग राखेर विद्यार्थीले त्रिवि संघर्ष समितिका नाममा आन्दोलन गर्दै आएका थिए । उक्त आन्दोलनको नेतृत्व नेविसंघले गर्दै आएको थियो । यस अघि १० बुँदे माग राख्दै विभिन्न विद्यार्थी संगठनले रेक्टरको कार्यालयमा तालाबन्दीसमेत गरेका थिए ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/११/२४

यस कम्पनीको मिति २०७१।०५।१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी एन.डि.ए. मेनपावर ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि. (प्रा.लि.नं. १७८५२५) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोर्नुपर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको एन.डि.ए. कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. अंग्रेजीमा N.D.A.Consultancy And Training Center Pvt.Ltd ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

काठ/दाउरा लिलाम बिक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१११।२४)

वस विनयी सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार आ.व. ०८१/८२ उत्पादन भइ सामुदायिक वनको पाटादोभा विभिन्न दर बनाइ राखिएको **साल गोलिया थान ७६ को ३८०.५४ क्यू.फिट, असना गोलिया थान ११ को ८३.२२ क्यू.फिट, सिसो गोलिया थान ८६ को ३७६.५ क्यू.फिट, अन्य गोलिया थान १४ को ५८.४५ क्यू.फिट, साल मिश्रित दाउरा १.५ चट्टा र सिसो दाउरा १.५ चट्टा** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । उपलिल कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन विनयीवर्ती, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई करुवा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

विनयी सामुदायिक वन उपभोक्ता समूह

विनयी त्रिवेणी गा.पा. ११२, नवलपरासी (ब.सु.पू.)

सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल

प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना रद्द गरीएको सम्बन्धमा

सामाजिक विकास मन्त्रालयले मिति:२०८१/११/१५ गते प्रकाशन गरिएको कामका लागि भारत जाने श्रमिकको सर्वेक्षण, तथ्यांक संकलन, अवस्था अध्ययन तथा विश्लेषणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्राविधिक कारणले रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राजस्व अनुसन्धान विभाग

राजस्व अनुसन्धान कार्यालय

इटहरी, सुनसरी

उपस्थित हुन आउने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

सूचना प्रकाशित मिति :- २०८१।११।२४

भन्सार चोरी पैठारी गरी भारतीय नम्बर प्लेटको गाडी ल्याई राजस्व छली गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा यस कार्यालयका अनुसन्धान अधिकृत सरोज कोईराला समेतको टोलीले जिल्ला मोरङ, विराटनगर महानगरपालिका, वडा नं. ६ शान्ति चोक, भूमि मार्ग स्थित बिपिन झाको घर अगाडि बाटोमा पार्किङ गरी राखेको भारतीय सवारी साधन नं BR38AG4540 को सेतो रङ्गको Suzuki ERTIGA hybrid कार चेकजाँच गर्दा भन्सार अस्थाई पैठारी प्रज्ञापन-पत्र लगायतका कुनै कागजात फेला नपरेको हुँदा अनुसन्धानको लागि यस कार्यालयमा पेश भई थप अनुसन्धानको क्रममा उक्त बरामद भएको गडी देश भारत, बिहार राज्य, जिल्ला सुपौल, थाना बलुवा बजार, संस्कृत निर्मली गाऊँपञ्चायत, वडा नं.१० बस्ने नबिन चन्द्र मिश्राको कान्छो छोरा धिरज कुमार मिश्रा रहेको खुली आएकोले अनुसन्धान प्रयोजनका लागि निज धिरज कुमार मिश्रालाई हक पुग्ने सक्कल कागजात सहित यस कार्यालयमा उपस्थित हुन तथा अन्य कोहि कसैको उक्त बरामदित सवारी साधनको सम्बन्धमा हक पुग्ने भए हक पुग्ने सक्कल कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दावी पेश गर्नुहुन राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३१ बमोजिम यो सूचना प्रकाशन गरिएको छ । उक्त सवारी साधन उपर हकदावी नपरेमा प्रचलित कानून बमोजिम नेपाल सरकारको भै जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	ब्राण्ड/मोडेल	च्यासिस नम्बर	इन्जिन नम्बर	बरामद भएको स्थान
१	सवारी साधन Suzuki ERTIGA hybrid-2023	MA3BNC72SPJ683091	K15CN7252487	विराटनगर म.न.पा.-६ शान्ति चोक।

Qatar मा रोजगार Comapany : GOLDEN HOUSE

पूर्व स्वीकृती मिति: २०८१ पौ २३ चलानी नं. ६०२३८१८३ LT No.: 319974

सि नं	कामदारको पद	माग संख्या	पुरुष	महिला	मासिक तलब QR	मासिक तलब रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हाजरी बिदा	खाजा खाने पटक	खाने सुविधा	कैफियत अवधी
१	Foreman (Male)	6	O		2500	९५,५००।-					छ	
२	Labourer (Male)	6	O		1000	३८,२००।-						

सेवा शुल्क	भिसा, पासपोर्ट, मेडिकल खर्च	हवाई टिकट	यातायात	अन्य सुविधा
कामदार जानेले	नियोक्ताले व्यहोर्ने	नियोक्ताले व्यहोर्ने	नियोक्ताले व्यहोर्ने	रु. ३,७००।- बराबरको अमेरिकी डलर

अन्तरवार्ता २०८१ चैत्र २ गते (15 March, 2025) **गते यस प्रा. लि. को कार्यालय महाराजगंज काठमाडौंमा हुनेछ ।**

Mobhira Recruitment Consultancy Services Pvt. Ltd.

Chakrapath, Kathmandu, Tel: 01-4378842, 4378936, 9819779867, 9846189358, 9863068268

POKHARA : 9856065197, 9816173517, NEPALGUNJ : 9819590055

UAE मा रोजगारको अवसर UNITED ENGINEERING CONSTRUCTION CO UNEC

पूर्व स्वीकृती मिति: २०८१ पौ २३ चलानी नं. ६०२३८१८४ LT No.: 319892

सि नं	कामदारको पद	माग संख्या	पुरुष	महिला	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हाजरी बिदा	खाजा खाने पटक	खाने सुविधा	कैफियत अवधी
१.	Construction Labouers	100			1000	३७,७००।-						
२.	Mason (Nepal)	40			1200	४५,२००।-					छ	
३.	S/Carpenter & Steel Fixer	60			1200	४५,२००।-						

सेवा शुल्क	भिसा, पासपोर्ट, मेडिकल खर्च	हवाई टिकट	यातायात	अन्य सुविधा
कामदार जानेले	नियोक्ताले व्यहोर्ने	नियोक्ताले व्यहोर्ने	नियोक्ताले व्यहोर्ने	रु. ३,७००।- बराबरको अमेरिकी डलर

अन्तरवार्ता २०८१ चैत्र ८, ९, १० र ११ गते (21, 22, 23 & 24 March, 2025) यस प्रा. लि. को कार्यालय, धुम्बराही, काठमाडौंमा हुनेछ ।

KATHMANDU H.R. SOLUTION PVT.LTD.

Dhumbarahi-9, Kathmandu, Ph. No : 01-4371271, 4371714, Fax: 4375136

Email : kathmanduhrsol@gmail.com, Web : www.kathmanduhr.com

मेल्लेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

विन्धेवासिनी, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :- २०८१/११/२३

यस मेल्लेख गाउँपालिकाको बोलपत्र सम्बन्धि सूचना **IFB NO:- MRM/ACHHAM/NCB/W/B/04/2081-82, http://bolpatra.gov.np/egp** मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस मेल्लेख गाउँ पालिकाको कार्यालयमा सम्पर्क गर्न हुन तथा सम्बन्धित **website (http://bolpatra.gov.np/egp) visit** गर्नहुन अनुरोध छ ।

क्र.स	कार्य विवरण	लागत अनुमान भ्याट रकम र पि.एस सहित	दस्तुर	बैंक जमानत	कैफियत
१	बडा कार्यालय प्रशासनिक भवन निर्माण मेल्लेख गा.पा-५, अछाम **(MRM/ACHHAM/NCB/W/B/04/2081-082)**	रु.१,३४,९१,५६१.५५	रु.३०००	रु.३,४०,०००	

नि.प्रमुख प्रशासकिय अधिकृत

मेल्लेख गाउँपालिका, अछाम

खप्तडछेडेदह गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

डोगडी, बाजुरा

(सुदुरपश्चिम प्रदेश, नेपाल)

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।११।२४ गते

यस खप्तड छेडेदह गाउँपालिकाको कार्यालय द्वारा मिति २०८१।१०।१४ गते बोलपत्र आह्वानका लागि प्रकाशित सूचना अनुसार E–Bid मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा यस कार्यालयको बोलपत्र मुल्याङ्कन समितिबाट देहायको कार्यमा तपसिल बमोजिमको बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उफ्रदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि छनौट गर्ने आशयको ७ दिने सुचना सम्बन्धित सबैको जानकारिका लागि प्रकाशित गरिएको छ ।

क्र.स.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम (मु.अ.कर र पि.एस. सहित)
१	KCRM/NCB/W/04/2081-082	Khaptad Dekhi Chhededaha Samma Railing Padmarg, KCRM-5, Dogadi, Bajura	Om Shiva Construction and Order Suppliers, Badimalika-Bajura	रु. ७७,२२,२५७।५१ (अक्षररुपी सतहत्तर लाख बाईस हजार दुई सय सन्ताउन्न रुपैया एकाउन्न पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत